# शुरू नेपाली नागरिकताको प्रकार र बनाउने प्रक्रिया

१) वंशजको आधारमा नागरिकता बनाउने प्रकिया

आवश्यक कागजातहरूको चेकलिस्ट

- अनुसूची–१ को नागरिकता आवेदन फाराम — सम्बन्धित वडा कार्यालयबाट Online सिफारिस/प्रमाणित भएको
- रु. १० को हुलाक टिकट — नयाँ नागरिकताको लागि सामान्यतया लाग्ने शुल्क।
- जन्मदर्ता प्रमाणपत्र — जन्मस्थान र जन्ममिति खुल्ने )व्यक्तिगत घटना दर्ताको सुरुवात हुने मिति भन्दा पहिला जन्मेको व्यक्तीको हकमा जन्मस्थान र जन्ममिति खुल्ने सम्बन्धित वडाबाट प्रमाणिकरण पत्र(
- बाबु र आमाको नेपाली नागरिकता प्रमाणपत्र) बाबु/आमाको नागरिकता उपलब्ध नभए वंशजतर्फका तीन पुस्ताभित्रका नातेदारको नागरिकता र नाता प्रमाणित प्रमाणपत्र(
- शैक्षिक योग्यताको प्रमाणपत्र
- सनाखत गर्ने व्यक्ति — बाबु, आमा वा एकासगोल परिवारको नागरिकता भिड्ने नजिकको नातेदार र सो संगको नाता प्रमाणित आवश्यक परेमा
- हालसालै खिचिएको पासपोर्ट साइज फोटो — कार्यालय/फारामले तोकेअनुसार
- बाबु वा आमा मध्ये कुनै एकको जन्मको नागरिक भए सम्बन्धित वडाबाट स्थायी बसोबासनाता , पारिवारिक विवरणा स ,प्रमाणितफारिस

विवाहित महिलाको हकमा थप कागजात:

- विवाहदर्ता प्रमाणपत्र र पतिको नागरिकता/सनाखतसम्बन्धी कागजात
- बसाईंसराइ गरी आएको भए: बसाइँसराइ प्रमाणपत्र तथा स्थायी बसोबास खुल्ने थप प्रमाणहरू

नेपालीको नागरिक आमाबाट जन्म भई नेपालमा स्थायी बसोबास गरेको, र बाबुको पहिचान नभएको सोह्र वर्ष पुगेको व्यक्तीको हकमा

- अनुसूची–१ को नागरिकता आवेदन फाराम — सम्बन्धित वडा कार्यालयबाट Online सिफारिस/प्रमाणित भएको
- जन्मदर्ता प्रमाणपत्र — जन्मस्थान र जन्ममिति खुल्ने )व्यक्तिगत घटना दर्ताको सुरुवात हुने मिति भन्दा पहिला जन्मेको व्यक्तीको हकमा जन्मस्थान र जन्ममिति खुल्ने सम्बन्धित वडाबाट प्रमाणिकरण पत्र(
- आमाको नेपाली नागरिकता
- नेपालमा स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित वडास्थानीय तहको सिफारिस/
- बाबुको पहिचान नभएको व्यहोरा खुल्ने सम्बन्धित वडाबाट सिफारिस

- निवेदक र आमाबीच नाता प्रमाणित
- वडा समितिको निर्णय
- विदेशी मुलुकको नागरिकता नलिएको भनी निजले र निजको आमाले अनुसूची)७-क( बमोजिम गरेको स्वघोषणा। )निवेदन दिदाँका बखत आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ता प्रमाणपत्र वा हेस ठेगानमा नरहेकोमा सोही व्यहोरा खुलाई स्वीकृत चिकित्सकले गरेको सिफारिस
- आवश्यकतानुसार प्रहरी सर्जमिन मुचुल्कावडा स ,र्जमिन मुचुल्का आदि ।

नोटः थप कागजात आश्यक्ता अनुसार प्रहरी सहरजमिन मुचुल्का ,वडा सहरजमिन मुचुल्का ,जग्गाधनी प्रमाणपुर्जा, फोटोसहितको नाता प्रमाणित आदि माग्न सक्ने उल्लेख गरेको छ।

२) बैवाहित अंगीकृतको आधारमा नागरिकताको लागि आवश्यक कागजात

- अनुसूची-७ को नागरिकता आवेदन फाराम — सम्बन्धित वडा कार्यालयबाट Online सिफारिस/प्रमाणित भएको
- रु. १० को हुलाक टिकट— नयाँ नागरिकताको लागि सामान्यतया लाग्ने शुल्क।
- श्रीमान्को नेपाली नागरिकता प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि
- नेपाली नागरिकसँग भएको विवाह दर्ता प्रमाण पत्र
- आवेदिका र निजको बाबु, आमावा) एकासगोल परिवारको नागरिकता/राष्ट्रियता खुल्ने नातेदार र सो संगको नाता प्रमाणित आवश्यक परेमा (को विदेशी नागरिकता/राष्ट्रियता खुल्ने प्रमाणपत्र
- सनाखत गर्ने श्रीमान् वा श्रीमानको एकासगोल परिवारको नागरिकता भिड्ने नजिकको नातेदार र सो संगको नाता प्रमाणित
- हालसालै खिचिएको पासपोर्ट साइज फोटो
- निजले विदेशी मुलुकको नागरिकता त्यागने कारवाही चलाएको निस्सा वा नेपालको भिसा आवश्यक पर्ने विदेशी मुलुकको नागरिक भए त्यस्तो भिसाको म्याद कायम रहेको निस्सा

३ (अंगीकृतको आधारमा नागरिकता बनाउने प्रकिया

क( नेपाली आमाबाट जन्मिएको तर बाबुको नागरिकताको आधारमा विदेशी नागरिकता नलिएको सन्तान

- अनुसूची-७ को नागरिकता आवेदन फाराम — सम्बन्धित वडा कार्यालयबाट Online सिफारिस/प्रमाणित भएको
- जन्मदर्ता प्रमाणपत्र — जन्मस्थान र जन्ममिति खुल्ने )व्यक्तिगत घटना दर्ताको सुरुवात हुने मिति भन्दा पहिला जन्मेको व्यक्तीको हकमा जन्मस्थान र जन्ममिति खुल्ने सम्बन्धित वडाबाट प्रमाणिकरण पत्र(
- आमाको नेपाली नागरिकता र सो नागरिकताके अभिलेख
- बुबा बिदेशी रहेको प्रमाण/निस्सा

- नेपालमा स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित वडास्थानीय तहको सिफारिस/
- बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलुकको नागरिकता नलिएको भनी निजले र निजको आमाले अनुसूची)७-क( बमोजिम गरेको स्वघोषणा। )निवेदन दिदाँका बखत आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ता प्रमाणपत्र वा हेस ठेगानमा नरहेकोमा सोही व्यहारा खुलाई स्वीकृत चिकित्सकले गरेको सिफारिस
- निवेदक र आमाबीच नाता प्रमाणित
- वडा समितिको निर्णय
- आवश्यकतानुसार प्रहरी सर्जमिन मुचुल्कावडा स ,र्जमिन मुचुल्का आदि ।

ख( बाबु वा आमामध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्रास गरेको र अर्काको नेपाली नागरिकता लिनु अगावै मृत्यु वा सम्पर्क विहिन भएको सन्तानको हकमा

- **अनुसूची–७ को नागरिकता आवेदन फाराम** — सम्बन्धित वडा कार्यालयबाट Online सिफारिस/प्रमाणित भएको
- **जन्मदर्ता प्रमाणपत्र** — जन्मस्थान र जन्ममिति खुल्ने )व्यक्तिगत घटना दर्ताको सुरुवात हुने मिति भन्दा पहिला जन्मेको व्यक्तीको हकमा जन्मस्थान र जन्ममिति खुल्ने सम्बन्धित वडाबाट प्रमाणिकरण पत्र(
- बाबु वा आमामध्ये कुनै एकले जन्मको आधारमा प्रास गरेको नेपाली नागरिकताको प्रमाणपत्र
- बाबु वा आमाको मृत्यु भएको भए मृत्यु दर्ता प्रामणपत्र
- **बाबु वा आमा सम्पर्क विहिन भएको भए सो खुल्ने** सम्बन्धित वडाबाट गरिएको सिफारिस पत्र,
- जन्मस्थान, नाता र निज नेपालमा स्थायी बसोवास गरेको व्यहेरा खुल्ने सम्बन्धित वडाबाट गरि दिएको सिफारिस
- बाबु वा आमाको मृत्यु भएको वा बाबु वा **आमा सम्पर्क विहिन भएको भए** अनुसूची **(ख)**७- बमोजिम गरेको स्वघोषणा

ग( अङ्गीकृत नेपाली नागरिकता प्रास गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्रास गर्नुभन्दा पहिले जन्मेका सन्तानको हकमा

- **अनुसूची–७ को नागरिकता आवेदन फाराम** — सम्बन्धित वडा कार्यालयबाट Online सिफारिस/प्रमाणित भएको
- **जन्मदर्ता प्रमाणपत्र** — जन्मस्थान र जन्ममिति खुल्ने )व्यक्तिगत घटना दर्ताको सुरुवात हुने मिति भन्दा पहिला जन्मेको व्यक्तीको हकमा जन्मस्थान र जन्ममिति खुल्ने सम्बन्धित वडाबाट प्रमाणिकरण पत्र(
- बाबुको **अङ्गीकृतको आधारमा** प्रास गरेको नेपाली नागरिकताको प्रमाणपत्र
- स्वीकृत राष्टिय पत्रिकामा कम्तीमा ७ दिन प्रकाशन गरीएको सूचना

- निवेदक र आमाबीच नाता प्रमाणित
- आवश्यकतानुसार प्रहरी सर्जमिन मुचुल्का वडा सर्जमिन मुचुल्का ,आदि ।

४ गैर (आवासीय नेपाली नागरिकताका प्राप्तीको लागि

- **अनुसूची–८ (ग)को नागरिकता आवेदन फाराम** — सम्वन्धित वडा कार्यालयबाट सिफारिस/प्रमाणित भएको
- विदेशी नागरिकताको प्रमाणपत्र
- नेपालको नागरिकता परित्याग गरेको प्रमाण
- आफू/बाबु/आमा/बाजे/बज्यैको नेपाली नागरिकता प्रमाणपत्र वा नेपाली नागरिक भएको प्रमाण
- पासपोर्ट साइज फोटो २ प्रति
- **अनुसूची–८घ** अनुसार गरिएको प्रतिबद्धतापत्र
- **अनुसूची–८च** अनुसार गरिएको शपथपत्र
- नेपाल सरकारलाई तिर्न बाकी नरहेको कुनै प्रकारको रकमको सिफारिस
- CRS (प्रहरी प्रतिवेदन)